# रामगोपालपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : १ प्रकाशन मिति : २०८१/०६/०३

## भाग - १

## रामगोपालपुर नगरपालिका

# कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

# कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०६/०३

**प्रस्तावनाः**

मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" मा रहेको तहवृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी रामगोपालपुर नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेकोछ

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम "कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "ऐन" भन्नाले मधेश प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्छ ।

२. "कार्यालाय" भन्नाले रामगोपालपुर नगरपिलका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

३. "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ ।

४. "नगरपालिका" भन्नाले रामगोपालपुर नगरपालिका सम्झनु पर्दछ ।

५. "कार्यपालिका" भन्नाले रामगोपालपुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

६. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामगोपालपुर नगरपालिकाको

राम दुलार साह
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

७. "कर्मचारी" भन्नाले स्थानीय सरकारी सेवाको पदमा वहाल रहेको स्थायी, अस्थायी र करारका कर्मचारी सम्झनु पर्छ र सो शब्दले समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ ।

८. "तह वृद्धि" भन्नाले ऐनको दफा ४ र २९ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

९. "तह मिलान" भन्नाले ऐनको दफा ८ को उपदफा २२ बमोजिम अन्यत्र जुनसुकै कुरा लेखिएको तापनि स्थानीय तहमा लोकसेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका अधिकृत छैठौं तहका कर्मचारीहरुलाई नियुक्ति मिति देखि लागू हुने गरि अख्तियारवालाले सातौं तहमा मिलान गरिनेछ ।

१०. "प्रदेश लोक सेवा आयोग" भन्नाले मधेश प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

११. "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ५ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

१२. "मन्त्रालय" भन्नाले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्झनु पर्दछ ।

१३. "स्थानीय सेवा" भन्नाले ऐनको दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सरकारी सेवा सम्झनु पर्दछ ।

१४. "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्छ ।

**३. पदस्थापन :** (१) ऐनको दफा २५ को उपदफा ११ बमोजिम ऐन प्रारम्भ हुनुभन्दा पहिले साविकको स्थानीय निकायमा नियुक्ति भई हाल स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट दोहोरो सहमतीको आधारमा अर्को

राम दुलार साह
नगर प्रमुख

व्यवस्था नभएसम्मका लागि कामकाज गर्न खटाएको कर्मचारीहरुलाई आवश्यकता अनुसार प्रदेश सरकारले स्थानीय तहमा पदस्थापना गरिने व्यवस्था भएतापनि यस नगर कार्यपालिकाको कार्यालयमा हाजिर भएको मिति देखि नै सम्बन्धित सेवा,समूह,तह र पदमा पदस्थापना गरिनेछ ।

(२) स्थानीय तहमा लोकसेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट दोहोरो सहमतीको आधारमा अर्को व्यवस्था नभएसम्मका लागि कामकाज गर्न खटाएको कर्मचारीहरुलाई यस नगरकार्यपालिकाको कार्यालयमा हाजिर भएको मिति देखि नै सम्बन्धित सेवा,समूह,तह र पदमा पदस्थापना कायम गरिएकोछ ।

**४. सूचना प्रकाशन गर्नेः**

१. यो कार्यविधि बमोजिम रामगोपालपुर नगरपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि / मिलानको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको जेष्ठ र मंसिर महिनामा कम्तीमा ३० दिनको म्याद दिई दरखास्त आह्वान गरिनेछ ।

२. उपदफा १ बमोजिम प्रकाशित सूचना कार्यालयको वेवसाइट र सूचना पाटीमा प्रकाशन गरिनेछ ।

**५.सिफारिस समितिः**

१. ऐनको दफा ४ को उपदफा ६ र दफा २९ को उपदफा १ र २ बमोजिम नगरपालिकामा कार्यरत स्थायी कर्मचारीको तह वृद्धि गर्न तथा दफा ८ को उपदफा २२ बमोजिम तह मिलान गर्ने ऐनको दफा २९ को उपदफा ५ बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछ ।

२. कर्मचारीको तह वृद्धिका लागि सफारिस गर्ने रामगोपालपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा

प्रमुख प्रशासकीय अधिकृत

राम दुलार साह
नगर प्रमुख

कार्यपालिकाले तोकेको दुई जना अधिकृत स्तर कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति हुनेछ । सिफारिस समितिलाई तह वृद्धि सिफारिस सम्बन्धमा निर्णय लिन कुनै दुविधा उत्पन्न भएमा सो सम्बन्धमा ऐनको दफा ३८ बमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ ।

३. समितिको सचिवालयको काम कार्यालयको कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

४. समितिको वैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६.समितिको काम, कर्तव्य र अधिकारः** सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. तह वृद्धि प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम पेश हुन आएका निवेदकहरुको कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

२. तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धि तथा मिलानको लागि नगरकार्यपालिकामा सिफारिस गर्ने ।

३. यस कार्यविधिको दफा १४ बमोजिम तह वृद्धिको लागि सम्बन्धित निकायमा आवश्यक परामर्श माग गर्ने ।

**७. सिफारिसः**

१. दरखास्त दिने अन्तिम मितिको ७ दिन भित्रमा सिफारिस समितिले अनुसूचि १ बमोजिमको ढाँचामा निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह वृद्धिको लागि सिफारिस गर्नुपर्नेछ ।

२. उपदफा १ बमोजिम सिफारिस गर्दा कर्मचारीको तह वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक

राम दुलार साह
नगर प्रमुख

योग्यता तथा ज्येष्ठतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ ।

३. यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीहरुलाई अनुसूचि २ बमोजिम ढाँचामा तह वृद्धिको पत्र दिइनेछ ।

८. **तह वृद्धि वा बढुवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधिः** यस कार्यविधि बमोजिम हुने तह वृद्धि तथा ऐन बमोजिम हुने बढुवाको लागि ऐनको दफा ४, ८, २८, २९, ३० र ३१ मा तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेको हुनुपर्नेछ ।

९. **तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः**

१. ऐनको दफा ८ को उपदफा २२ बमोजिम लोक सेवा आयोग र प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई ऐन प्रारम्भ भएपछि एक पटकका लागि सातौं तहमा तह मिलान गरिनेछ ।

२.ऐनको दफा ८ को उपदफा २३ बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृत पाँचौ तहमा स्थायी नियुक्ति पाई दस बर्ष वा सोभन्दा बढी सेवा अवधि पुरा गरी छैठौं तहमा स्तर वृद्धि भई कार्यरत रहेका र साँतौ तहका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको कर्मचारीहरुलाई ऐनको दफा २९ को उपदफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा अख्तियारीवालाले एक पटकको लागि स्थानीय सेवाको अधिकृत सातौं तहमा बढुवा गर्नेछ । त्यसरी बढुवा हुँदा माथिल्लो पद स्वतः सृजना हुनेछ र तल्लो तह खारेज हुनेछ ।

३. ऐनको दफा ४ को उपदफा ६ बमोजिम कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम साविक स्थानीय निकायको सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृतस्तर छैठौं, सातौं र आठौ तहको कर्मचारीहरु स्थानीय तहको

राम दुलार साह
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

समान पदमा समायोजन भई यो ऐन हुदाँका बखतसम्म पाँच बर्ष वा सोभन्दा बढी सेवा अबधि पूरा गरेका कर्मचारीहरुलाई एकपटकका लागि समायोजन हुनुभन्दा पहिलेको सम्बन्धित पद देखिनै ज्येष्ठता कायम हुने गरि अख्तियारवालाले एक तह वृद्धि हुनेछ। यसरी स्तर वृद्धि हुने पद स्वतः सृजना हुनेछ र कुनै कारणले निज कर्मचारीहरु बहाल नरहेमा स्वतः खारेज जानेछ।

४. ऐनको दफा २८ को उपदफा १ मा यस ऐन बमोजिम तह वृद्धि वा बढुवा प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ज्येष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ।

५.ऐनको दफा २९ को उपदफा १ बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ३ बर्षको सेवा अवधि पुरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत अस्सी प्रतिशत अंक प्राप्त गरेका र ऐन बमोजिमको न्युनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई क्रमशः पाचौं बाट छैठौं, साँतौं बाट आठौं र नवौं बाट दसौं मा सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ।

६. ऐनको दफा २९ को उपदफा २ बमोजिम स्थानीय स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा ऐन बमोजिम तह वृद्धि गरिनेछ।

७.ऐनको दफा ४ को उपदफा ६ तथा दफा २९ को उपदफा १ र २ बमोजिम तह वृद्धि भएका कर्मचारीलाई ऐनको दफा २९ को उपदफा ५ बमोजिमको समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि निर्णय कार्यान्वयन गरी अनुसूचि २ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner

**१०. तह वृद्धि वा बढुवा रोक्का हुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कार्यविधिको दफा ४ को उपदफा १ बमोजिमको सिफारिस समितिले ऐनको दफा ३२ मा उल्लेख भएको तपशिल बमोजिमको अवधि सम्म कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गरिने छैन ।

१. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

२. तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

३. तलब वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्कार भएको अवधिभर,

४. ऐनको दफा ४३ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले ३ वर्षको अवधिभर,

५. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदा अवधिभर,

६. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

**११. तह वृद्धि वा बढुवा नियुक्तिको रोक्काः** ऐनको दफा ३३ को उपदफा १ र २ मा भएको व्यवस्था विपरित तह वृद्धि वा बढुवा नियुक्ति गरिने छैन ।

**१२. तह वृद्धि कार्यान्वयनः**

१. ऐनको दफा २९ को उपदफा ५ बमोजिमको समितिको सिफारिसका आधारमा कार्यपालिकाबाट भएको तह वृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्नेछ ।

२. तह वृद्धि व्यवस्थापनमा कुनै द्विविधा उत्पन्न भएमा ऐनको दफा ४० को उपदफा १ को (क) र (ख) बमोजिमको बढुवा समितिको निर्णय अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

नगर प्रमुख

CamScanner

**१३. ज्येष्ठता कायम सम्बन्धी व्यवस्थाः**

१. यस कार्यविधि बमोजिम तह वृद्धिको लागि ज्येष्ठता गणना गर्दा स्थानीय सेवाको पदमा वहाल रहेको स्थायी कर्मचारीको सम्बन्धित तहको सेवा समूहको पदमा शुरु नियुक्ति मितिबाट लागू हुने गरी गणना गरिनेछ ।

२. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तह वृद्धिका लागि ज्येष्ठता गणना गर्दा ऐनको दफा २८ को उपदफा १, २ र ३ बमोजिम गणना गरिनेछ ।

**१४. जानकारी दिनुपर्नेः** यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,लोक सेवा आयोग,मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय किताबखाना (निजामती), प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ ।

**१५. परामर्शः** ऐन प्रारम्भ भए पछि हुने तह वृद्धि तथा बढुवा सम्बन्धी कार्य गर्दा स्थानीय तहलाई आवश्यक परेमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्नेछ ।

**१६. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालय र प्रदेश लोक सेवा आयोगको परामर्शमा नगरकार्यपालिकामा निहित रहनेछ ।

**१७. उजुरी/गुनासोः** ऐन र यस कार्यविधि बमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१८. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

राम दुलार साह
नगर प्रमुख

CamScanner

अनुसूची १

(कार्यविधिको दफा ७ को १ सँग सम्बन्धित)

तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
रामगोपालपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
रामगोपालपुर, महोत्तरी ।

**बिषयः तह वृद्धि गरी पाऊँ ।**

प्रस्तुत विषयमा यस रामगोपालपुर नगरपालिकाको तह वृद्धि सम्बन्धी मिति...................... गते प्रकाशित सूचना अनुसार हाल म तपशिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि / तह मिलान हुन योग्य रहेको हुँदा तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

तपशिल

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपी ।
२. समायोजन पत्रको प्रतिलिपी।
३. बढुवा/स्तरवृद्धि/तहवृद्धि भएको पत्रको प्रतिलिपी ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

| **हाल कार्यरत पद** | **तह वृद्धि गरिने पद** |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समूह/उपसमूहः | समूह/उपसमूहः |
| स्तर/तह | स्तर/तह |
| कार्यालय | कार्यालय |

यस उल्लेख गरिएका सबै व्यहोरा ठिक साँचो छ,झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला

निवेदकः

नामः

कर्मचारी संकेत नं

प्रमुख प्रशासकीय अधिकृत

राम दुलार साह
नगर प्रमुख

CS CamScanner

अनुसुचि २

कार्यविधिको दफा ७ को ३ सँग सम्बन्धित

तह वृद्धि पत्रको ढाँचा

श्री......................................... मितिः .........................

कर्मचारी संकेत नं...................

रामगोपालपुर नगरपालिका, महोत्तरी ।

## बिषयः तह वृद्धि गरिएको सम्बन्धमा ।

तपाईलाई नगर कार्यपालिकाको कार्यालयको मिति.................................. गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा........बमोजिम मिति.............................गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपशिल बमोजिम तह वृद्धि / तह मिलान गरिएको छ । तह वृद्धि/तह मिलान हुनुभएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु

तपशिल

| हाल कार्यरत पद | तह वृद्धि गरिएको पद |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समूह/उपसमूह | समूह/उपसमूह |
| स्तर/तह | स्तर/तह |
| कार्यालयः | कार्यालयः |

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौ |

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालय, मधेस प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री राष्ट्रिय किताबखाना (निजामती), पूलचोक, ललितपुर ।

श्री प्रदेश लोकसेवा आयोग, मधेस प्रदेस,जनकपुरधाम ।

श्री प्रदेश किताबखाना, मधेस प्रदेस,जनकपुरधाम ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, महोत्तरी ।

श्री कर्मचारी संचयकोष, जनकपुरधाम, धनुषा।

राम दुलार साह
नगर प्रमुख